खबर नागरिक
KHABAR NAGARIK अपडेट
E-paper
खबर नागरिकको समाचार हाम्रो

S SQUARE GRAPHICS CREATION
(एस स्क्वायर ग्राफिक क्रिएसन)
Quality Printing with Complete Printing Solution
Siddharthanagar-7, Panch Path, Bhairahawa II Cell.9857022204
Design & Printing Trophy, Medal, Token of love, ID Card, Bill Pad, Brochure, Color Print, Visiting Card, Badge, Office Printing Stationery, Sticker Print

Khabar Nagarik | खबर नागरिक
२०८३ वैशाख ३ गते आइतबार (Sunday 19 Apr. 2026)
www.khabarnagarikupdate.com

# अब सडक र फुटपाथमा लाग्दैन बजार
# भैरहवा हाटबजार अत्याधुनिक कृषि भवनमा

**खबर नागरिक**
भैरहवा ।

प्राय हाटबजार त्रिपाल टांगेर, टिनको छाप्रो र सेडहरुमा देखिन्छ। कहि बाटोमा त कही बगैचा र खुला ठाउमा हाट हरु लाग्ने गर्छ । रुपन्देहीको भैरहवामा पनि साताको २ दिन आइतबार र बिहीबार यस्तै प्रकृतिले लाग्ने भएपनि बिहीबारदेखि यहाँको बजार अत्याधुनिक भवनबाट सुरु भएको छ।

ऐतिहासिक हाटबजारको रुपमा रहेको बजार पहिलाकै स्थानमा १२ करोड लागतमा निर्मित अत्याधुनिक सामुदायिक कृषि भवनमा स्थानान्तरण भएको छ।

खुल्ला आकाशमुनि घाम, पानी र धुलोका बीच अव्यवस्थित ढंगले सडक किनारमा लाग्दै आएको बजार अब सुविधासम्पन्न संरचनाभित्र समेटिएको छ । सिद्धार्थनगर नगरपालिकाले पाँचतल्ले 'ए ब्लक' सामुदायिक कृषि भवन विविध कारणले प्रयोगविहीन अवस्थामा भएपछि नगरपालिकाको कार्यपालिका बैठक र नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत जनक थापाको प्रयासले भवनले सार्थकता पाएको हो।

सडक अवरुद्ध हुने गरी अव्यवस्थित रुपमा लाग्दै गरेको बजार पनि व्यवस्थित पनि हुने र प्रयोगमा आउन ढिलाई भइरहेको बेला नगरपालिकाको यो निर्णयले नगरवासीले हर्षित छन । यसले एकातर्फ उपभोक्तालाई सहज, बाटो जामको समस्या हट्ने र व्यपारीलाई समेत घाम, हावा पानीबाट पनि असर नगरी सुरक्षित बनाएको छ।

स्थानान्तरणको पहिलो दिन झण्डै ३५० देखि ४०० जना व्यवसायीहरूले नयाँ भवनबाट आफ्नो कारोबार सुरु गरेका छन। नगरपालिकाले पहिलो चरणमा कृषि उपजका वस्तुहरूलाई प्राथमिकता दिएर व्यवस्थापन गरेको छ भने आगामी दिनमा अन्य व्यवसायलाई समेत क्रमशः स्थानान्तरण गर्ने योजना बनाएको छ।






निर्माणधिन अवस्थामा रहेको 'बी ब्लक' को काम पनि तिव्रताका साथ भइरहेको छ, सम्भवतः असारमा सम्पन्न हुने भएपछि कृषि बाहेकका अन्य व्यवसायलाई यही व्यवस्थापन गरि सबै प्रकारको सेवा र उद्धेश्य पुरा हुने प्रमुख प्रशासकीय अधिकृत जनक थापाले बताए। अहिलेलाई नगरपालिकाले आफै सञ्चालन गर्नेगरी योजना अघि बढाएको छ बेसमेन्ट, भुई तला र पहिलो तलामा कृषि उपजलाई प्राथमिकता दिदै प्रयोगमा ल्याएका छौ । नगरपालिकाले व्यवसायीहरूलाई प्रोत्साहन गर्न असार मसान्तसम्म कुनै पनि भाडा वा शुल्क नलिने गरी कार्ययोजना बनाएको छ।

आइतबार र बिहीबार हाटबजारकोमा रुपमा सञ्चालन गर्ने र अन्य दिनमा पनि पसल सुचारु गर्नका लागि नगरपालिकाले आवश्यक गृहकार्य गरिरहेको जनाएको छ। असार पछि दुबै ब्लकबाट सेवा सुचारु हुने गरि सबै भवन उद्देश्य अनुरुप प्रयोगमा ल्याउने गरी कार्यविधी बनाई न्यूनतम सहुलियतपूर्ण शुल्क निर्धारण गरि सञ्चालन गर्ने नगरपालिकाले जनाएको छ।

बाटो र फुटपाथमा रहेका व्यवसायी र ठेलालाई समेत अहिले ब्लकको परिसरमा व्यापारको लागि व्यवस्थापन गरिएको छ।

व्यवसायीहरूलाई व्यवस्थितरुपमा राखिएपछि खुशी छन । पहिले आउनेलाई प्राथमिकता दिने नीति अनुरूप काम भइरहेको छ, नगरपालिका क्षेत्रभित्रका कुनै पनि फुटपाथमा व्यापार गर्न नपाइने कडा नीति समेत अघि सारेको छ। किसानका उत्पादन सिधै उपभोक्तासम्म पुर्याउने उद्देश्यका साथ पनि यसलाई सञ्चालनमा ल्याइएको छ यसले नगरप्रमुख ईस्तियाक अहमदले लिएको नारा क्लिनी ग्रीन इकोफ्रेण्डली लाई समेत पुरा गर्ने विश्वास छ। बजारले भैरहवाको सहरी सौन्दर्यता बढाउनुका साथै आर्थिक गतिविधिमा नयाँ ऊर्जा थप्ने विश्वास गरिएको छ।